## बैठक नं. १९

आज मिति २०८१ माघ ११ गते शुक्रवार [illegible] बजे गोदावरी नगरपालिकाका नगर प्रमुख श्री गजेन्द्र महर्जनज्यूको अध्यक्षतामा तपसिल बमोजिमको उपस्थितिमा नगर कार्यपालिकाको बैठक बसी देहाय बमोजिम निर्णय गरियो ।

उपस्थिति:

| | | |
|---|---|---|
| अध्यक्ष - श्री गजेन्द्र महर्जन | नगरप्रमुख | |
| सदस्य - श्री मुना अधिकारी | उप-प्रमुख | |
| सदस्य सचिव-श्री मान बहादुर खड्का | प्रमुख प्रशासकीय अधिकृत | |
| सदस्य - श्री श्रीराज थापा | वडाध्यक्ष वडा नं. १ | |
| सदस्य - श्री मनोहर सिलवाल | वडाध्यक्ष वडा नं. २ | |
| सदस्य - श्री सानुराजा घिमिरे | वडाध्यक्ष वडा नं. ३ | |
| सदस्य - श्री सानुभाई नगरकोटी | वडाध्यक्ष वडा नं. ४ | |
| सद स्य - श्री मिलन सिलवाल | वडाध्यक्ष वडा नं. ५ | |
| सदस्य - श्री विष्णुमान महर्जन | वडाध्यक्ष वडा नं. ६ | |
| सदस्य - श्री मथुरा प्रसाद शर्मा | वडाध्यक्ष वडा नं. ७ | |
| सदस्य - श्री सुक बहादुर लामा | वडाध्यक्ष वडा नं. ८ | |
| सदस्य - श्री आत्मराम थापा क्षेत्री | वडाध्यक्ष वडा नं. ९ | |
| सदस्य - श्री शेखर न्यौपाने | वडाध्यक्ष वडा नं. १० | |
| सदस्य - श्री निल वहादुर देशार | वडाध्यक्ष वडा नं. ११ | |
| सदस्य - श्री जगत बहादुर महर्जन | वडाध्यक्ष वडा नं. १२ | |
| सदस्य - श्री भाष्कर थापा | वडाध्यक्ष वडा नं. १३ | |
| सदस्य - श्री निरोज बज्राचार्य | वडाध्यक्ष वडा नं. १४ | |
| सदस्य - श्री लक्ष्मी देवी महर्जन | कार्यपालिका सदस्य | |
| सदस्य - श्री बिना नगरकोटी | कार्यपालिका सदस्य | |
| सदस्य - श्री उमा खड्का | कार्यपालिका सदस्य | |
| सदस्य - श्री राम माया नेपाली | कार्यपालिका सदस्य | |
| सदस्य - श्री उमा बिशुंके | कार्यपालिका सदस्य | |
| सदस्य - श्री रिता पुर्कुटी मिझार | कार्यपालिका सदस्य | |
| सदस्य - श्री रामकृष्ण दनुवार | कार्यपालिका सदस्य | |

गोदावरी नगरपालिका नगर कार्यपालिकाको कार्यालय बज्रबाराही, ललितपुर बागमती प्रदेश, नेपाल २०७३

१. कार्यविधि, निर्देशिकाहरु माथि छलफल र स्वीकृति सम्बन्धमा .

(क) बालश्रममुक्त गोदावरी नगरपालिका घोषणा कार्यविधि, २०८१

(ख) गोदावरी नगरपालिकाको उद्यम विकास कार्यक्रम सञ्चालन कार्यविधि,२०८१

(ग) कोशेली घर सञ्चालन कार्यविधि, २०८१

(घ) ग्रामीण अल्ट्रासाउण्ड सञ्चालन कार्यविधि, २०८१

(ङ) गर्भवती सुत्केरी महिलाहरुलाई पोषण सुधार कार्यविधि, २०८१

(च) स्वास्थ्य तर्फको कार्यक्रमहरुको कार्यसञ्चालन निर्देशिका, २०८१

२. नगरपालिका स्थापना दिवस तयारी कार्यटोली र विषयवस्तु सम्बन्धमा ।

३. खानी तथा क्रसर नियमन सम्बन्धमा ।

४. नेपाल किड्नी अस्पताल स्थापनाका लागि जग्गा प्राप्ति सम्बन्धमा ।

५. विविध

५.१ योजना तथा कार्यक्रम तोक आदेश अनुमोदन गर्ने सम्बन्धमा ।

५.२ शोक प्रस्ताव सम्बन्धमा ।

५.३ नगर प्रहरी पदपूर्ति, तालिम र सेवा सुविधा सम्बन्धमा ।

(क) छनौट, परीक्षण, सिफारिस र तालिम (आधारभुत) सञ्चालन गर्न सशस्त्र प्रहरी बल, नेपाल नं.२१ गण हे.क्वा.दक्षिणकाली खुमलटार ललितपुरसँग संझौता गर्ने ।

(ख) तालिमको लागि प्रस्ताव स्वीकृत गर्ने ।

(ग) सेवा सुविधा र बजेट व्यवस्थापन गर्ने ।

५.४ गोदावरी खेलमैदान निर्माण बजेट माग सम्बन्धमा ।

५.५ कानुनी सहजकर्ताको विज्ञापन गर्ने सम्बन्धमा ।

५.६ नगरपालिकाले राखेका जालिदार डष्टविनमा जम्माहुने प्लाष्टिकका बोटल संकलन सम्बन्धमा ।

५.७ मिडिया साक्षता सम्बन्धी अन्तर्क्रिया कार्यक्रमको प्रस्ताव स्वीकृत सम्बन्धमा ।

५.८नगरपालिका भित्रका समस्याग्रस्त बालगृह र सुधारगृहको अध्ययन समितिको प्रतिवेदन सम्बन्धमा

५.९ नगरपालिकाको बालबालिकाका लागि त्रिवर्षीय रणनीतिक लगानी योजना स्वीकृत सम्बन्धमा

५.१० विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको अस्थायी संरक्षण सम्बन्धमा

५.११ आयोजना उपभोक्ता समितिबाट सञ्चालन गर्ने सम्बन्धमा ।

५.१२ गोदावरी बहुउद्देश्यीय रंगशालाको Revised DPR तयार गर्ने सम्बन्धमा ।

५.१३ छम्पी टयाकी संरक्षण र बाउन्ड्रीवाल निर्माण सम्बन्धमा ।

५.१४ House Metric System का लागि आशयपत्रदातासँग RFP माग गर्ने सम्बन्धमा ।

५.१५ डि पि आर तयार गर्ने सम्बन्धमा ।

५.१६ झोला बनाउने तालिकमा लागि सहयोग सम्बन्धमा ।

५.१७ कानुनी सल्लाहकार नियुक्ती गर्ने सम्बन्धमा ।

५.१८ रकम माग गर्ने सम्बन्धमा ।

५.१९ कक्षा ८ परीक्षा सञ्चालन व्यवस्थापन तथा प्रमाणीकरण कार्यविधि २०८० मा संशोधन ।

५.२० स्तर वृद्धि सम्बन्धमा ।

५.२१ करातें खेल सञ्चालनका लागि रकम भुक्तानी सम्बन्धमा ।

मान बहादुर खड्का
प्रमुख प्रशासकीय अधिकृत

गजेन्द्र महर्जन
नगर प्रमुख

निर्णय नं.१ प्रस्ताव नं.१ माथि छलफल गर्दा नगरपालिकाका कार्यविधिहरु कार्यपालिका बैठकमा प्रस्तुतीकरण र छलफल हुँदा उपरोक्त कार्यविधि, निर्देशिकाहरु सम्बन्धित शाखाको संयोजनमा कार्यपालिकाका विषयगत समितिमा समेत आवश्यकताका आधारमा दफावार छलफल गरी कार्यपालिका बैठकमा पेश गर्ने व्यवस्था मिलाउने निर्णय गरियो । प्रस्तुत हुन आएका कार्यविधि, निर्देशिकाहरु संशोधन सहित पारित गरियो ।

(क) बालश्रममुक्त गोदावरी नगरपालिका घोषणा कार्यविधि, २०८१

(ख) गोदावरी नगरपालिकाको उद्यम विकास कार्यक्रम सञ्चालन कार्यविधि,२०८१

(ग) कोशेली घर सञ्चालन कार्यविधि, २०८१

(घ) ग्रामीण अल्ट्रासाउण्ड सञ्चालन कार्यविधि, २०८१

(ङ) गर्भवती सुत्केरी महिलाहरुलाई पोषण सुधार कार्यविधि, २०८१

(च) स्वास्थ्य तर्फको कार्यक्रमहरुको कार्यसञ्चालन निर्देशिका, २०८१

निर्णय नं.२ नगरपालिका स्थापना दिवस तयारी कार्यटोली र विषयवस्तु सम्बन्धमा देहाय बमोजिम गर्ने निर्णय गरियो ।

(क) नगरपालिका स्थापना दिवस तयारी सम्बन्धमा छलफल गरी आगामी फागुन २७ गते यस नगरपालिकाको स्थापना दिवस भव्यतापूर्वक मनाउन नगरप्रमुख श्री गजेन्द्र महर्जनको अध्यक्षतामा कार्यपालिका सदस्यहरु सबै एवम् कार्यालयका शाखाप्रमुखहरु सहितको "स्थापना दिवस मुल समारोह समिति, २०८१" गठन गर्ने निर्णय गरियो ।

(ख) मूल समारोह समितिमा कार्यसूची प्रस्ताव गर्न समितिका अध्यक्षको संयोजकत्वमा नगर उपप्रमुख र प्रमुख प्रशासकीय अधिकृत समेतको उपसमिति गठन गरी कार्यसूची प्रस्ताव गर्ने र जिम्मेवारी दिने निर्णय गरियो ।

**निर्णय नं.३ खानी तथा क्रसर नियमन सम्बन्धमा** : यस नगरपालिका क्षेत्रभित्र सञ्चालनमा रहेका साधारण निर्माणमुखी खानी उद्योगहरुबाट प्रचलित कानुनको अधीन र मापदण्ड परिपालना नगरी अनाधिकृत उत्खनन् भईरहेको विषय तालुक नियामक निकायहरु समेतमा तहकिकात एवम् मुद्दामामिला चलिरहेको सन्दर्भमा यस नगरपालिकाबाट मिति २०८१ जेठ २३ र कार्तिक २२ गतेको गोरखापत्र राष्ट्रिय दैनिकमा प्रकाशित सार्वजनिक सूचना, मिति २०८१ मंसिर २६ गतेको कार्यपालिका बैठकको निर्णयबाट अवैध खानी तथा क्रसर उद्योगहरु बन्द गर्न सम्बन्धित निकायमा पत्राचार गरिएको तथा खानी उद्योगहरुलाई हालसम्मको रोयल्टी तथा स्थानीय विकास शुल्क बुझाउन पत्राचार समेत गरिएको छ । खानीजन्य उत्खनन र वसारपसार नियमन व्यवस्थापनका लागि विभिन्न प्रयास गरिए पनि रातको समयमा अवैध उत्खनन् तथा वसारपसार नरोकिएको जनगुनासो प्राप्त भएको हुँदा अवैध खानी तथा क्रसर उद्योगहरु बन्द गरी कानुनी कारवाही अघि बढाउन **"नदीजन्य तथा खानीजन्य पदार्थ जिल्ला अनुगमन समिति"** लाई पुनः ताकेता पत्राचार गर्ने निर्णय गरियो ।

मान बहादुर खड्का
प्रमुख प्रशासकीय अधिकृत

गजेन्द्र महर्जन

**निर्णय नं.४ नेपाल किड्नी अस्पताल स्थापनाका लागि जग्गा प्राप्ति सम्बन्धमा :** यस गोदावरी नगरपालिकामा मुनाफा रहित नेपाल किड्नी हस्पिटल इन्स्टिच्यूट फर नफ्रोलोजी यूरोलोजी एण्ड ट्रान्सप्लान्ट सेन्टरले आफ्नै लगानी र व्यवस्थापनमा १०० शैय्याको आधुनिक मृगौला रोगको उपचार गर्ने अस्पताल स्थापना गरी सञ्चालन गर्नका लागि जग्गा उपलब्ध गराउन भनी प्रस्ताव पेश गरेको छ । गुणस्तरीय स्वास्थ्य सेवा प्राप्त गर्ने नागरिकको मौलिक हक भएकोले वडा नं.९ छम्पी साविक छम्पी गा.वि.स. वडा नं.५(ख) कित्ता नं.२९० को ९-१०-१-२ जग्गा नेपाल सरकारको नाममा फिल्डबुक तथा श्रेस्ता कायम भएको र अतिक्रमणको जोखिममा रहेको देखिँदा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ उपदफा २(१) को खण्ड (क) र (छ) बमोजिम उक्त जग्गा संरक्षण गर्ने दायित्व स्थानीय तहको भएको समेतबाट सो जग्गा संरक्षण गरी उक्त स्थानमा नेपाल किड्नी अस्पताल निर्माण गर्नका लागि सरकारी जग्गा दर्ता, उपयोग तथा लिजमा उपलब्ध गराउने कार्यनीति, २०७९ को दफा ६ को (१) (घ) बमोजिम नेपाल किड्नी हस्पिटल इन्स्टिच्यूट फर नेफ्रोलोजी युरोलोजी एण्ड ट्रान्सप्लान्टलाई जग्गा उपलब्ध गराउन सम्बन्धित निकायमा सिफारिस गरि पठाउने निर्णय गरियो ।

**५. विविध**

**५.१ योजना तथा कार्यक्रम एवम् तोक आदेश अनुमोदन गर्ने सम्बन्धमा :** देहाय बमोजिमका योजना तथा कार्यक्रम तोक आदेश अनुमोदन गर्ने निर्णय गरियो ।

(क) यस नगरपालिका अन्तर्गत वडा नं.१० मा रहेको राधासर्वेश्वर योग साधना केन्द्र भवन सन्तरोन्नती गर्नका लागि राधासर्वेश्वर योग साधना केन्द्र निर्माण उपभोक्ता समितिबाट रु.४,००,०००।- र नगरपालिकाबाट रु.४,००,०००।- व्यहोर्ने गरी जम्मा रु.८,००,०००।- को आयोजना ५०/५० अवधारणामा सञ्चालन गर्ने गरी योजना संझौता भई कार्य सम्पन्न समेत गरी भुक्तानी भईसकेको हुँदा उक्त आयोजना अनुमोदन गर्ने निर्णय गरियो ।

(ख) यस नगरपालिका अन्तर्गत वडा नं.१० मा रहेको बज्रवाराही पेट्रोलपम्प देखि उत्तर तर्फको सडक पुनःनिर्माण गर्नको लागि बज्रवाराही पेट्रोल पम्प देखि उत्तर सडक पुन निर्माण उपभोक्ता समितिबाट रु.१५,००,०००।- र नगरपालिकाबाठ रु.१५,००,०००।- व्यहोर्ने गरी जम्मा रु.३०,००,०००।- को आयोजना ५०/५० अवधारणामा सञ्चालन गर्ने गरी योजना संझौता भई कार्य सम्पन्न समेत गरी भुक्तानी भईसकेको हुँदा उक्त आयोजना अनुमोदन गर्ने निर्णय गरियो ।

(ग) यस नगरपालिका अन्तर्गत वडा नं.३ मा रहेकव सेडा बस्ती जाने बाटो स्तरोन्नति गर्नका लागि सेडा बस्ती जाने बाटो स्तरोन्नति उपभोक्ता समितिबाट रु.२०,००,०००।- र नगरपालिकाबाट रु.२०,००,०००।- व्यहोर्ने गरी जम्मा रु.४०,००,०००।- को

मान बहादुर खड्का
प्रमुख प्रशासकीय अधिकृत

गजेन्द्र महर्जन
नगर प्रमुख

आयोजना ५०/५० अवधारणामा सञ्चालन गर्ने गरी योजना संझौता भई कार्य सम्पन्न समेत गरी भुक्तानी भईसकेको हुँदा उक्त आयोजना अनुमोदन गर्ने निर्णय गरियो ।

(घ) यसन नगरपालिका अन्तर्गत वडा नं.१३ मा सुन्तीटोलबाट अटिजम हुँदै राउलटोल जाने बाटो स्तरोन्नति गर्नको लागि सुन्तीटोलबाट अटिजम हुँदै राउलटोल जाने बाटो स्तरोन्नती उपभोक्ता समितिबाट रु.२०,००,०००।- र नगरपालिकाबाट रु.२०,००,०००।- व्यहोर्ने गरी जम्मा रु.४०,००,०००।- को आयोजना ५०/५० अवधारणामा सञ्चालन गर्ने गरी योजना संझौता भई कार्य सम्पन्न समेत गरी भुक्तानी भईसकेको हुँदा उक्त आयोजना अनुमोदन गर्ने निर्णय गरियो ।

(ङ) यस नगरपालिका अन्तर्गत वडा नं.३ मा रहेको समाजकल्याण सहयोगी सामुदायिक भवन निर्माणको लागि यस नगरपालिकाको आ.व.२०८१/०८२ को स्वीकृत वार्षिक बजेट तथा कार्यक्रम बमोजिम बागमती प्रदेश सरकारो सशर्त अनुदान अन्तर्गत रु.३०,००,०००।- बजेट विनियोजन भएको हुँदा उक्त आयोजना कार्यान्वयनको लागि समाजकल्याण सहयोगी सामुदायिक भवन निर्माण उपभोक्ता समिति गठन भएको हुँदा उक्त समिति मार्फत कार्यान्वयन हुने गरी साविक भवन रहेको स्थानमा भवन निर्माण गर्न योजना संझौता गर्ने निर्णय गरियो ।

(च) यस नगरपालिकाको आर्थिक वर्ष २०८१/८२ को स्वीकृत वार्षिक बजेट तथा कार्यक्रम अन्तर्गत तपशिल बमोजिमका आयोजनाहरु उपभोक्ता समिति मार्फत कार्यान्वयन हुने गरी संझौता भएको हुँदा उक्त संझौताहरु अनुमोदन गर्ने निर्णय गरियो

(अ) तल लाछी देखि पिंगल बाटो स्तरोन्नति वडा १२ बजेट रु.३०,००,०००।-

(आ) ठैव गोदामचौर सडक अन्तर्गत उकालोमा सडक मर्मत बजेट रु.४०,००,०००।-

(इ) गोदावरी कुण्ड चापाखर्क सडक स्तरोन्नति बजेट रु.३०,००,०००।-

(छ) यस नगरपालिका अन्तर्गत वडा नं.४ ले २०८१ असोज १०,११ र १२ गते परेको अविरल वर्षाको कारण क्षति पुगेका विभिन्न खानेपानी आयोजनाहरुको लागि सम्बन्धित खानेपानी उपभोक्ता समितिलाई रु.९,२७,६८४।८० बराबरको पाइप खरीद गरी वितरण गरेको र सो को भुक्तानी बाँकी रहेको हुँदा उक्त खरिद कार्य अनुमोदन गरी रकम भुक्तानी गर्ने निर्णय गरियो ।

(ज) २०८१ असोज १०,११ र १२ गते परेको अविरल वर्षाको कारण अवरुद्ध सडक र विभिन्न भौतिक संरचनाहरु संरक्षणको लागि जोखिम न्यूनीकरण सम्बन्धी कार्य र सडक खुलाउने कार्य गर्न डोजर लगायतका मेशिनरी औजारहरु प्रयोग गर्दा लागेको खर्च भुक्तानीको लागि पेश भएको हुँदा तपशिल बमोजिमको रकम भुक्तानी गर्ने निर्णय गरियो ।

(अ) वडा नं.१ अन्तर्गत अवरुद्ध विभिन्न सडक खुलाउन र विपद् जोखिम न्यूनीकरण सम्बन्धी कार्य वातको रु.३,३०,३०२।-

(आ) वडा नं.१ अन्तर्गत अवरुद्ध विभिन्न सडक खुलाउन र विपद् जोखिम न्यूनीकरण सम्बन्धी कार्य वापतको रु.३,२५,८९२।६५

(झ) यस नगरपालिकाका नगर प्रमुख र ~~नगर~~ उपप्रमुखबाट नगरसभाको निर्णयले तोकेको बजेट सीमा भित्र रही तोक आदेश भई सञ्चालन तथा भुक्तानी भएका तपशिल बमोजिमका कार्यक्रम तथा योजनाहरु अनुमोदन गर्ने निर्णय गरियो ।

(झ१) प्याङगाउँको संस्कृति प्रवर्द्धनको लागि गरिएको सांस्कृतिक कार्यक्रम वापतको रु.२,४९,७५०।-

(झ२) नृत्यनाथ भजन मण्डलको वार्षिक कार्यक्रम सञ्चालन वापतको रु.२,५०,०००।-

(झ३) वडा नं.४ घट्टेकुलोमा नयाँ बनेको कल्भर्ट वारिपारिका सडक मर्मत वापतको रु.६६,१४०।४५

(झ४) सहयोगी टौखेल महिला समूहबाट सञ्चालन भएको तिज कार्यक्रमको लागि रु.१५,०००।-

(झ५) बज्रयोगिनी मन्दिरमा सञ्चालन भएको दर खाने कार्यक्रमको लागि रु.१५,०००।-

(झ६) वडा नं.३ बाट सञ्चालन भएको तिज विशेष कार्यक्रमको लागि रु.२०,०००।-

(झ७) वडा नं.१० विश्वम्भर महादेव मन्दिरको वार्षिक उत्सव पुजाको लागि रु.१९९४०।-

(झ८) वडा नं.१० मा फुल्चोकी मन्दिर स्थापनाको लागि रु.१९,९७०।-

(झ९) वडा नं.८ डुकुछापमा तिज कार्यक्रम सञ्चालनको लागि रु.१५,०००।-

(झ१०) सहयोगी टौखेल महिला समूहबाट सञ्चालन भएको हाट बजार सञ्चालनको लागि रु.४०,०००।-

(झ११) वडा नं.३ बाढी पहिरोबाट अवरुद्ध सडक खुलाउनको लागि खर्च भएको रु.९५५०।-

(झ१२) वडा नं.१४ मा सडक मर्मत सम्भारको लागि रु.९८,६३४।-

(झ१३) वडा नं.१२ मा काँबाजा खरिदको लागि रु.७८,०००।-

(झ१४) वडा नं.१४ मा सांस्कृतिक कार्यक्रम सञ्चालनको लागि रु.७५,०००।-

(झ१५) वडा नं.१२ मा नवदुर्गा भवानी गुठीका सञ्चालन तथा स्वयमसेवकको लागि पोशाक खरिदको लागि रु.९९,६६६।-

(झ१६) भारकतको मुम्बईमा हुने मिक्स मार्शल आर्टस प्रतियोगितामा सहभागी हुन नेपाल सितेरियो कराँते डोजो चापागाउँको लागि रु.१,००,०००।-

(झ१७) सातौं तुलसीलाल स्मृति राष्ट्रिय टिम क्लब चेस च्याम्पियनसिप २०८१ को लागि रु.७५,०००।-

(झ१८) वडा नं.९ मा भएको तिज कार्यक्रम सञ्चालनको रु.१८,६६०।-

मान बहादुर खड्का
प्रमुख प्रशासकीय अधिकृत

गजेन्द्र महर्जन
नगर प्रमुख

(झ१९) प्रथम ओपन किण्डर ओलम्पिक २०८१ सञ्चालनको लागि रु.२५,०००।-

(झ२०) वडा नं.१२ नवदुर्गा भवानी गुठी बाजा खरिदको लागि रु.२९,०००।-

(झ२१) निःशुल्क आयुर्वेद स्वास्थ्य शिविर सञ्चालनका लागि रु.२२,६१०।-

(झ२२)ज्वालालदेवी मन्दिर नजिक खोल्सामा साँघु निर्माणको लागि रु.१,००,०००।-

**५.२ शोक प्रस्ताव सम्बन्धमा** : यस नगरपालिकाको वडा नं.१३ का वडा अध्यक्ष श्री भाष्कर थापाज्यूका पूजनीय पीता श्री रामशरण थापाको ७६ वर्षको उमेरमा असामयीक स्वर्गारोहण भएको दुःखद घडीमा शोकाकुल परिवारजनमा धैर्यधारण गर्ने शक्ति प्रासि र स्वर्गीय आत्माको चीर शान्तिको कामना गर्दै शोक प्रस्ताव पारित गर्ने निर्णय गरियो।

**५.३ नगर प्रहरी पदपूर्ति, तालिम र सेवा सुविधा सम्बन्धमा ।**

(क) यस नगरपालिकाको लागि नगर प्रहरीको छनौट, परीक्षण, सिफारिस र तालिम (आधारभुत) सञ्चालन गर्न सशस्त्र प्रहरी बल, नेपाल नं.२१ गण हे.क्वा.दक्षिणकाली खुमलटार ललितपुरसँग संझौता गरी नगर प्रहरीका लागि तालिम सञ्चालन गर्ने/गराउने निर्णय गरियो ।

(ख) तालिमको लागि प्रस्ताव स्वीकृत गर्ने : सम्बन्धमा छलफल गर्दा नगरपालिकाको चलानी नं.१७११, मिति २०८/०९/२१ गतेको पत्रबाट सशस्त्र प्रहरी बल नेपाल नं.२१ गण हे.क्वा.दक्षिणकाली ललितपुरलाई नगर प्रहरी परीक्षाबाट सफल भएका उम्मेदवारहरुलाई तालिम उपलब्ध गराउन आवश्यक पर्ने न्यूनतम लागत अनुमान र तालिमको ढाँचा (विषयवस्तु सम्बन्धी) को विवरण माग गरिएकोमा सशस्त्र प्रहरी बल, नेपाल नं.२१ गण हे.क्वा. दक्षिणकाली खुमलटार ललितपुरले पेश गरेको नगर प्रहरी आधारभूत तालिम पाठ्यक्रम तथा लागत विवरणको प्रारम्भिक शारीरिक परीक्षण, शारीरिक तन्दुरुस्ती परीक्षण तथा अन्तर्वार्ता एवम् तालिम सम्बन्धी ढाँचा स्वीकृत गर्ने निर्णय गरियो ।

(ग) गोदावरी नगरपालिकाको नगर प्रहरीको सेवा सञ्चालन सम्बन्धी कार्यविधि बमोजिमको सेवा सुविधा मिलाउन कार्यालयलाई जिम्मेवारी दिने निर्णय गरियो ।

**५.४ गोदावरी खेलमैदान निर्माणका लागि बजेट माग सम्बन्धमा** : गोदावरी नगरपालिका एवम् राष्ट्रकै गौरवको योजनाको रुपमा रहेको गोदावरी नगरपालिका वडा नं.१० टाहाखेलस्थित गोदावरी बहुउद्देश्यीय रंगशाला हाल निर्माणाधीन अवस्थामा रहेको हुँदा यस गोदावरी बहुउद्देश्यीय रंगशालाको DPR अनुसार कुल लागत रु.१,४९,९५,५०,८११।९८ भएकोमा बागमती प्रदेश युवा तथा खेलकुद मन्त्रालयबाट उक्त योजनालाई बहुवर्षीय योजना कायम गरी चालु आ.व.२०८१/८२ का लागि रु.३०,००,००,०००।- (तीस करोड) बजेट माग गर्ने निर्णय गरियो ।

मान बहादुर खड्का
प्रमुख प्रशासकीय अधिकृत

गजेन्द्र महर्जन
नगर प्रमुख

५.५ कानुनी सहजकर्ताको विज्ञापन गर्ने सम्बन्धमा यस नगरपालिकामा प्रदेश आन्तरिक मामिला
तथा कानुन मन्त्रालयबाट आ.व.७९/८० सम्म कानुनी सहजकर्ता नियुक्त गरी पठाएको र
प्रदेश मन्त्रालयबाट आ.व.२०८०/८१ देखि तलब भत्ता भुक्तानी गर्न नसकिने भनी पत्राचार
गरेकोमा आ.व.२०८०/८१ को साउन १ देखि कानुनी परामर्शदाता रिक्त रहेकोमा कानुन
शाखा एवम् न्यायिक समितिमा कामको चाप बढ्दै गएको हुँदा एक जना कानुनी सहजकर्ता
(सहायकस्तर पाँचौं तहको शुरु स्केल बराबर तलब भत्ता भुक्तानी हुने गरी) आन्तरिक स्रोतबाट
खर्च व्यहोर्ने गरी करार सेवामा लिई काममा लगाउनका लागि कानुनी सहजकर्ताको २१ दिने
सूचना प्रकाशन गर्ने निर्णय गरियो ।

५.६ नगरपालिका क्षेत्र भित्रका विभिन्न धार्मिकस्थल तथा सार्वजनिक स्थलमा नगरपालिकाबाट
राखिएको राखेका जालिदार डष्टविनमा जम्मा हुने प्लाष्टिकका बोटलहरु संकलन गर्नका लागि
चम्पापुर रिसाइकल एण्ड क्रिएयसनले निवेदन पेश गरेको र उक्त बोटलहरु उठाउन दिए वापत
CSR अन्तर्गत चम्पापुर रिसाइकल एण्ड क्रिएसनका तर्फबाट नगरपालिकाका विभिन्न २५
स्थानमा जालिदार डष्टविनहरु राख्न लगाउने गरी संझौता गर्ने निर्णय गरियो ।

५.७ नेपाल पत्रकार महासंघ ललितपुर जिल्ला शाखाका लागि जिल्लामा क्रियाशील पत्रकारहरुका
लागि मिडिया साक्षरता सम्बन्धी अन्तर्क्रिया कार्यक्रम सञ्चालन गर्नका लागि प्रस्ताव पेश
गरेकोमा उक्त अन्तर्क्रिया कार्यक्रम सञ्चालन गर्नका लागि नेपाल पत्रकार महासंघ ललितपुर
जिल्ला शाखाका लागि चालु आर्थिक वर्ष २०८१/८२ को वार्षिक कार्यक्रमको विविध खर्च
शिर्षकबाट रु.१,३०,०००।- (एक लाख तीस हजार) मात्र उपलब्ध गराउने निर्णय गरियो

५.८ गोदावरी नगरपालिका भित्रका समस्याग्रस्त बालगृह र सुधारगृहको अध्ययन समितिद्वारा तयार
पारी पेश गरेको मैत्रेय प्रतिष्ठान र खुशीको घर हाल गोदावरी नगरपालिका वडा नं.१
गोदामचौरद्वारा सञ्चालित बालगृहको अवस्था अध्ययन प्रतिवेदनलाई पारित गर्दै प्रतिवेदनमा
उल्लेख गरिएका सिफारिसहरु सम्बन्धित निकायहरुसँग समन्वय र सहकार्य गरी कार्यान्वयन
गर्नका लागि नगर बालअधिकार समितिलाई जिम्मेवारी दिने निर्णय गरियो ।

५.९ **"सम्मानित बालापन, सुनिश्चित बालअधिकार : बालमैत्री तथा समन्नत गोदावरीको आधार"**
भन्ने परिकल्पनाका साथ २०८२ चैत्र मसान्तभित्र गोदावरी नगरपालिकालाई बालमैत्री स्थानीय
शासनयुक्त नगरपालिका घोषणा गर्न तथा घोषणा पश्चातको दीगोपना र निरन्तरतालाई समेत
सम्बोधन गर्नका लागि तयार पारिएको गोदावरी **नगरपालिकाको बालबालिकाका लागि त्रिवर्षीय
रणनीतिक लगानी योजना** स्वीकृत गरी कार्यान्वयनमा लैजने निर्णय गरियो ।

मान बहादुर खड्का
प्रमुख प्रशासकीय अधिकृत

गजेन्द्र महर्जन
नगर प्रमुख

५.१० गोदावरी नगरपालिका भित्र रहेका श्रममा संलग्न बालबालिकाको उद्दार, संरक्षण तथा पुर्नएकीकरण समेतका कार्यहरु गर्नका लागि विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको अस्थायी संरक्षण सम्बन्धी कार्य गरिरहेको गोदावरी नगरपालिका वडा नं.३ मा अवस्थित संस्था **"छोराछोरी नेपाल"**ले श्रममा संलग्न रहेका बालबालिकाको अल्पकालीन स्याहार तथा पुर्नएकीकरणमा कार्य गर्न आशयपत्र पेश गरेकोले उक्त संस्थासँग सशर्त कार्य संझौता गर्ने निर्णय गरियो ।

५.११ यस नगरपालिकाको चालु आ.व. २०८१/०८२ को स्वीकृत वार्षिक बजेट तथा कार्यक्रम अनुसार (संशोधित) लेले पहाडे थापागाउँ सडक आयोजनाको लागि रु.३५,००,०००।- बजेट विनियोजन भएकोमा उक्त आयोजना कार्यान्वयन गर्दा स्थानीय उपभोक्ताहरुको जग्गा लिनुपर्ने भएकोले अन्य प्रक्रियाबाट आयोजना सञ्चालन गर्दा विवाद सिर्जना भई निर्माण कार्यमा अवरोध हुने र उपभोक्ता समिति मार्फत कार्यान्वयन गर्दा आयोजना सञ्चालनमा सहज हुने भएको हुँदा उपभोक्ता समिति मार्फत कार्यान्वयन गर्ने गरी संझौता भएको हुँदा उक्त संझौता अनुमोदन गर्ने निर्णय गरियो ।

५.१२ गोदावरी नगरपालिका स्थित बहुउद्देश्यीय रंगशाला निर्माणका लागि आ.व.२०७५/७६ मा तयार भएको डि पि आरमा हाल आएर NBC Revised भएको र उक्त स्थानको Topographical अवस्था परिवर्तन भएको हुँदा उक्त डि पि आरलाई Revised डि पि आर तयार गर्न खर्च संकेत नं.४७७.२१.१.४८० गोदावरी बहुउदेश्यीय रंगशाला निर्माणबाट ५ लाख विनियोजन गरी Revised DPR तयार गर्ने निर्णय गरियो ।

५.१३ यस नगरपालिकाको वडा नं.९ छम्पीमा ट्याकी संरक्षण र बाउन्ड्रीवाल निर्माणका लागि तयार भएको लागत अनुमान रु.९,९८,१५३। (मु अ कर र कन्टिन्जेन्सी सहित) को रकम स्वीकृत गरी उक्त कार्य कोटेशन मार्फत गर्ने र बजेट संकेत नं.४७७.२१.१.४५२ छम्पी खानेपानी आयोजनाबाट उक्त ट्याकी संरक्षण र बाउन्ड्रीवाल निर्माणका लागि विनियोजन गरी कार्य सम्पन्न गर्ने निर्णय गरियो ।

५.१४ यस नगरपालिकको House Metric System का लागि EOI माग गर्दा जम्म १४ वटा आशयपत्रदाताको आवेदन परेकोमा मूल्याङ्कन गर्दा जम्मा ११ वटा आशयपत्रदाता पास भएकोमा सबै ११ वटै आशयपत्रदातासँग RFP माग गर्ने निर्णय गरियो ।

५.१५ देहाय बमोजिमका योजनाहरुको चालु आ.व.२०८१/०८२ को कन्टिन्जेन्सीबाट खर्च गर्ने गरी डि पि आर तयार गर्ने निर्णय गरियो ।

(क) टिकाभैरव मन्दिर तथा पार्क निर्माण रु.५ लाख

(ख) वडा नं.५ को उसु भवन निर्माण रु.५ लाख

(ग) ERT Survey वडा नं.१ र ११ को लागि रु.४ लाख

मान बहादुर खड्का
प्रमुख प्रशासकीय अधिकृत

गजेन्द्र महर्जन
नगर प्रमुख

**५.१६ झोला बनाउने तालिमका लागि सहयोग सम्बन्धमा** : छलफल गर्दा यस नगरपालिकाको वडा नं.१२ ठेचो स्थित वेलुवन सामुदायिक अध्ययन केन्द्रद्वारा ठेचोका महिला दिदी बहिनीहरुको क्षमता विकास गरी आत्मनिर्भर बनाउने उद्देश्यका साथ झोला बनाउने तालिम सञ्चालन गर्ने र उक्त तालिम सञ्चालन गर्नका लागि प्रस्ताव पेश गरेकोमा उक्त प्रस्ताव स्वीकृत गरी सो तालिम सञ्चालन गरे वापत चालु आर्थिक वर्ष २०८१/०८२ को महिला उद्यमशिलता कार्यक्रम संकेत नं.४७७.२१.१.४३ बाट रु.१,५०,०००।- (एक लाख पचास हजार) उपलब्ध गराउने निर्णय गरियो ।

**५.१७ कानुनी सल्लाहकार नियुक्ति गर्ने सम्बन्धमा** : यस नगरपालिकाको वडा नं.१२ निवासी अधिवक्ता श्री प्रकाश महर्जनलाई यस नगरपालिकाको कानुनी सल्लाहकारमा नियुक्त गर्ने निर्णय गरियो ।

**५.१८ रकम माग गर्ने सम्बन्धमा** : छलफल गर्दा चालु आर्थिक वर्ष २०८१/०८२ मा देहाय बमोजिम योजनाहरु निर्माण गर्नका लागि लाग्ने लागत अनुमान रकमको ४० प्रतिशत रकम नगरपालिकाको स्रोतबाट उपलब्ध गराउने र बाँकी ६० प्रतिशत रकम जिल्ला समन्वय समितिको कार्यालय ललितपुरसँगको लागत साझेदारीमा योजना सञ्चालन गर्नका लागि जिल्ला समन्वय समितिमा रकम माग गरी पठाउने निर्णय गरियो ।

| क्र.सं. | विवरण | नगरपालिकाको रकम | जिल्ला समन्वयनमा माग गर्ने रकम | जम्मा रकम |
|---|---|---|---|---|
| १ | आधारभूत स्वास्थ्य केन्द्र वडा नं. ६ को भवन निर्माण | ३०,००,०००।- | ४५,००,०००।- | ७५,००,०००।- |
| २ | श्री सरस्वती आधारभूत विद्यालय भवन निर्माण वडा नं.६ | २५,००,०००।- | ३७,५०,०००।- | ६२,५०,०००।- |
| ३ | बज्रवाराही विद्यालय सभाहल निर्माण वडा नं.११ | २५,००,०००।- | ३७,५०,०००।- | ६२,५०,०००।- |

मान बहादुर खड्का
प्रमुख प्रशासकीय अधिकृत

गजेन्द्र महर्जन
नगर प्रमुख

गोदावरी नगरपालिका नगर कार्यपालिकाको कार्यालय बज्रवाराही, ललितपुर बागमती प्रदेश, नेपाल २०७३

५.१९ कक्षा ८ परीक्षा सञ्चालन व्यवस्थापन तथा प्रमाणीकरण कार्यविधि २०८० मा देहाय बमोजिम संशोधन गर्ने निर्णय गरियो ।

## अनुसूची १

(दफा १७ उपदफा २ संग सम्बन्धित)

| क्र.सं. | हालको अवस्था | संशोधन गर्नुपर्ने |
|---|---|---|
| (दफा १७ उपदफा २ संग सम्बन्धित) | **१. प्रश्नपत्र निर्माणकर्ता पारिश्रमिक :** पुर्णाङ्क ५० भन्दा माथिको रु.१५०० प्रति सेट<br>पुर्णाङ्क ५० सम्मको रु. १२०० प्रति सेट<br>**२. प्रश्नपत्र मोडेरेटर पारिश्रमिक :** पुर्णाङ्क ५० भन्दा माथिको रु. २००० प्रति सेट उत्तरकुञ्जिकासहित)<br>पुर्णाङ्क ५० सम्मको रु.१५०० प्रति सेट (उत्तरकुञ्जिकासहित)<br>**३. उत्तरपुस्तिका परीक्षण :** पुर्णाङ्क ५० भन्दा माथिको रु.२० प्रति उत्तरपुस्तिका<br>पुर्णाङ्क ५० सम्मको रु.१० प्रति उत्तरपुस्तिका<br>**४. उत्तरपुस्तिका सम्मपरिक्षण :** पुर्णाङ्क ५० भन्दा माथिको रु १० प्रति उत्तरपुस्तिका पुर्णाङ्क ५० सम्मको रु ८ प्रति उत्तरपुस्तिका<br>**५. परीक्षा केन्द्र व्यवस्थापन :**<br>केन्द्राध्यक्ष - रु.५००/- प्रति दिन<br>सहायक केन्द्राध्यक्ष - रु.३००/- प्रति दिन<br>निरीक्षक - रु.२००/- प्रति दिन<br>प्रश्नपत्र र उत्तरपुस्तिका ढुवानी : रु.१०००/- एकमुष्ट<br>मसलन्द : रु.५०/- प्रति विद्यार्थी<br>**६. अनुगमन :** रु.१०००/- प्रति अनुगमनकर्ता प्रति दिन | **१. प्रश्नपत्र निर्माणकर्ता पारिश्रमिक :** प्रति प्रश्नपत्र रु.२००० उत्तकुञ्जिका सहित<br>**२. प्रश्नपत्र मोडेरेटर पारिश्रमिक :** प्रति प्रश्नपत्र रु.३००० उत्तकुञ्जिका सहित<br>**३. उत्तरपुस्तिका परीक्षण :** रु.२० प्रति उत्तरपुस्तिका<br>**४. उत्तरपुस्तिका सम्मपरिक्षण :** रु.१० प्रति उत्तरपुस्तिका<br>**५. परीक्षा केन्द्र व्यवस्थापन :**<br>केन्द्राध्यक्ष : रु.१०००/- प्रति दिन<br>सहायक केन्द्राध्यक्ष : रु.८००/- प्रति दिन<br>निरीक्षक : रु.५००/- प्रति दिन (प्रति २५ विद्यार्थी बराबर १ जना र प्रति केन्द्र १ जना थप)<br>प्रश्नपत्र र उत्तरपुस्तिका ढुवानी : रु .१०००/- एकमुष्ट<br>मसलन्द : रु.२५/- प्रति विद्यार्थी<br>सहयोगी : रु.१५०/- प्रति दिन<br>खाजा खर्च : रु.७५/- प्रति दिन प्रति व्यक्ति केन्द्राध्यक्ष, सहायक केन्द्राध्यक्ष र सहयोगी कर्मचारीलाई परीक्षा तयारी र उत्तरपुस्तिका व्यवस्थापनको लागि परीक्षा सञ्चालन अवधिमा २ दिन थपको पारीश्रमिक दिने ।<br>**६. अनुगमन :** रु.१०००/- प्रति अनुगमनकर्ता प्रति दिन<br>**७. उत्तर पुस्तिका परीक्षण केन्द्र व्यवस्थापन :** एकमुष्ट रु.२००० प्रति केन्द्र |

मान बहादुर खड्का
प्रमुख प्रशासकीय अधिकृत

गजेन्द्र महर्जन
नगर प्रमुख

| | | |
|---|---|---|
| | | ८. **प्रश्नपत्र प्रुफ रिडिङ्ग र भाषा सम्पादन :** रु.२००० प्रति व्यक्ति (एक प्रश्नपत्र उत्तरकुञ्जिका सहित प्रुफ रिडिङ्ग गर्न बढिमा दुई जना जनशक्ति प्रयोग गर्ने)<br>९. **परीक्षा फारम र प्रवेशपत्र रुजु वितरणसमेत :** रु.१५ प्रति विद्यार्थी<br>१०. **नतिजा ईन्ट्रि तथा रुजुसमेत :** रु ५ प्रति विद्यार्थी प्रति विषय<br>११. **नतिजा विश्लेषण तथा प्रतिवेदन :** रु १० प्रति विद्यार्थी (विद्यालयगत र विषयगत)<br>१२. **ग्रेडसिट र प्रमाणपत्र प्रमाणीकरण तथा व्यवस्थापन :** रु २० प्रति विद्यार्थी |

**५.२० नगरपालिकामा कार्यरत कर्मचारीको स्तर वृद्धि सम्बन्धमा :** छलफल गर्दा स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को परिच्छेद-११, दफा ८६ तथा बागमती प्रदेश सरकार आन्तरिक मामिला तथा कानून मन्त्रालय हेटौंडाको स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन,२०७९ को परिच्छेद -५, ३० (१) को तह वृद्धि सम्बन्धी व्यवस्था बमोजिम तह वृद्धी हुने पदभन्दा एक तह मुनिको पदमा पाँच वर्षको सेवा अवधि पुरा भएको, पछिल्लो पाँच वर्षको कार्य सम्पादन मूल्याङ्कनमा औषत ९५% (पन्चानब्बे प्रतिशत) अङ्क प्राप्त गरेको र तोकिए बमोजिमका शैक्षिक योग्यता हासिल गरेको हकमा स्तर वृद्धि गर्ने व्यवस्था रहेको छ।

उल्लेखित कानूनी व्यवस्था अनुरुप योग्यता पुगेका कर्मचारीहरुको २०८१ पुस २५ को कार्यपालिकाको निर्णय अनुसार तह वृद्धि गरिएकोमा देहायका उम्मेदवारको कागजात पुरा नभएको हुँदा कागजात माग गरिएकोमा विजया अर्यालले कागजात पेश गरेकोले २०८१ माघ १ गते देखि नै ज्येष्ठता कायम हुने गरी स्तर वृद्धि गर्ने निर्णय गरियो ।

| क्र. सं. | क.सं.नं. | नामथर | हालको पद/तह | बढुवा हुने पद/तह | शुरु नियुक्ति | सेवा/समूह | शैक्षिक योग्यता |
|---|---|---|---|---|---|---|---|
| १ | २०६०७१ | विजया अर्याल | शाखा अधिकृत | वरिष्ठ शाखा अधिकृत | २०७६/०८/२५ | प्रशासन/सामान्य प्रशासन | स्नातक |

५.२१ चौंथो गोदावरी नगरपालिका मेयरकप वादोकाई कराँते प्रतियोगिता सञ्चालन सम्बन्धमा इन्टरनेशसल वादोफेडेरेशन र अल नेपाल वादोकाईको संयुक्त आयोजनामा **"खेलकुद स्वास्थ्यको लागि, खेलाडि राष्ट्रको लागि"** भन्ने मुल नाराका साथ शाखा डोजो ठेचोको आयोजनामा उपत्यकाव्यापी चौंथो गोदावरी नगरपालिका मेयर कप वादोकाई कराँते प्रतियोगिता सञ्चालनका लागि प्रस्ताव पेश गरेकोमा डोजो शाखा ठेचोलाइ चालु आ.व.२०८१/०८२ को वार्षिक कार्यक्रमको खेलकुद शिर्षकबाट रु.१,५०,०००।- (एक लाख पचास हजार) रकम उपलब्ध गराउने निर्णय गरियो ।

गजेन्द्र महर्जन
नगर प्रमुख

मान बहादुर खड्का
प्रमुख प्रशासकीय अधिकृत

**५.२२ ललितपुर रत्न तथा आभुषण संघलाई रकम उपलब्ध गराउने सम्बन्धमा** : छलफल गर्दा ललिपतुर रत्न तथा आभुषण संघ तथा रोटरी क्लब अफ पाटन हेरिटेजको संयुक्त आयोजनामा मिति २०८१ असोज ११ देखि १३ सम्म "समृद्धिका लागि सम्पदा संरक्षण" नाराका साथ ३ दिने PATAN HERITAGE GEM & JEWELLERY EXPO 2024 सञ्चालन गरी यस नगरपालिकाको समेत संस्कृति, कला र सीप उजागर गर्न सहयोग गरे वापत चालु आ.व.२०८१/८२ को वार्षिक कार्यक्रमको सम्पदा संस्कृति शिषर्कबाट रु.१,००,०००।- उपलब्ध गराउने निर्णय गरियो ।

५.२३ गोदावरी नगरपालिका क्षेत्रभित्रका सामुदायिक विद्यालय मर्ज तथा समायोजनका लागि सामाजिक विकास समिति संयोजक श्री शेखर न्यौपानेको संयोजकत्वमा सम्बन्धित वडाको वडा अध्यक्ष र श्री प्रवीण प्रकास श्रेष्ठ सदस्य तथा श्री पदम बहादुर कुँवर सदस्य सचिव हुने गरी कार्यदल गठन गर्ने ।कार्यदललाई तपसिलका क्षेत्रहरु अन्तर्गत रहि अध्ययन, विश्लेषण गरी चैत्र १० गतेसम्म प्रतिवेदन पेश गर्ने गरी कायदिश दिने निर्णय गरियो ।

- विद्यालयको विद्यार्थी सङ्ख्या (IEMIS अनुसार र दैनिक उपस्थिति अनुसार), शिक्षक कर्मचारी सङ्ख्या, शिक्षक विद्यार्थी अनुपात
- विद्यालयको अर्को विद्यालयसम्मको दुरी र वडामा रहेको आधारभूत र माध्यमिक विद्यालय सङ्ख्या
- विद्यालयको सम्पति (चल/अचल)
- चुनौती र सम्भावनाको विश्लेषण

**५.२४ तार जाली खरिद सम्बन्धमा** : छलफल गर्दा २०८१ असोज महिनाको दोस्रो साता परेको अविरल वर्षाका कारण गएको बाढी र पहिरोका कारण धैरै भौतिक संरचना, खानेपानीका संरचना जोखिममा परेको र उक्त जोखिम न्यूनीकरण गर्न तथा खानेपानी व्यस्थापन गर्न राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणबाट प्राप्त भएको रकम एक करोडबाट सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६६ र नियमावलीको नियम १४५ र ऐनको दफा २ (ढ) अनुसार राष्ट्रियस्तरको पत्रिकामा १५ दिनको सूचना प्रकाशन गरी आवश्यक तारजाली र पाईप खरिद गरी वितरण भएकोमा प्राप्त कुल माग अनुसार खरिद गरिएको तारजाली वितरण गर्न अपुग भएकोले उक्त बोलपत्र आह्वान गरि खरिद पश्चात् बाँकी रहेको रकममा नपुग रकम यस आ.व.२०८१/०८२ को विपद् व्यवस्थापन शिर्षकबाट व्यवस्थापन हुने गरी जम्मा रु.५० लाख बराबरको तार जाली खरिदको प्रकृया अगाडि बढाउने निर्णय गरियो ।

मान बहादुर खड्का
प्रमुख प्रशासकीय अधिकृत

गजेन्द्र महर्जन
नगर प्रमुख